स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



आगामी माघ ११ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'मिसिङः केटी हराएको सूचना' को नयाँ गीत सार्वजनिक गरिएको छ । एक कार्यक्रमका बीच सार्वजनिक 'सपनीमा' बोलको रोमान्टिक गीतमा करुण थापाको शब्द तथा संगीत छ भने इन्दिरा जोशी र करण परियारको स्वर छ । करुणले २० वर्षपछि यही गीतमार्फत् पार्श्व गीत लेखनमा कमब्याक गरेका हुन् । गीतको भिडियोमा फिल्मका मुख्य अभिनेता नाजिर हुसेन र अभिनेत्री सृष्टि श्रेष्ठबीचको प्रेम देखाइएको छ ।

**आजको विचार...**



**वैदेशिक...**
*(दुई पेजमा)*
सोम लुइटेल




फिल्म 'कार्साङ'को ट्रेलर युट्युबमा सार्वजनिक भैसकेको छ । एक महिनाअघि आएको टिजर र आइतबार सार्वजनिक 'सात भन्ज्याङ' बोलको गीतले उत्कृष्ट प्रतिक्रिया पाइरहँदा ट्रेलरले पनि दर्शकलाई आकर्षित गरेको छ । युट्युबमा ट्रेलरलाई लोभलाग्दो भ्यूज मिलेको छ भने प्रतिक्रिया उस्तै उत्साहजनक प्राप्त छ । ७ लाख ३० हजार बढी भ्यूजसहित ट्रेलर यतिबेला युट्युबको मुभिज ट्रेन्डिङतर्फ दोस्रो स्थानमा छ । रिलिजको २४ घण्टामै ट्रेलर यो स्थानमा उक्लिएको थियो । यसले फिल्मप्रति दर्शक उत्साहित रहेको दर्शाउँछ । ट्रेलरको समग्र प्रतिक्रिया पनि सकारात्मक छ ।

❒ वर्ष ३० ❒ अंक १६३ ❒ २०८१ पौष २१ गते आइतबार 5 January 2025, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### बस दुर्घटनामा छ जनाको मृत्यु



**(रासस/सिन्हुवा)**
**लिमा,** पौष २०/ उत्तरपश्चिम पेरुमा एउटा बस नदीमा खस्दा कम्तीमा छ जनाको मृत्यु तथा १७ जना बेपत्ता भएका छन् ।

अधिकारीहरूका अनुसार बस बिहीबार साँझ लिमाबाट उत्तरी पेरुको पोमाबाम्बाका लागि छुटेको थियो । उक्त बस शुक्रबार बिहान पाकोसबाम्बा नदीमा खसेको थियो, जसमा केही यात्रुहरू हालसम्म बेपत्ता रहेका छन् । स्थानीय मिडियाले सडकको खराब अवस्थालाई सम्भावित कारणको रूपमा उद्धृत गरेका छन् । घटनास्थलमा प्रहरी र सिभिल डिफेन्स टोली तैनाथ भएकाले उद्धार कार्य जारी रहेको छ ।

### संघ र भलाइ कोषबीच सम्झौता

**बुटवल,** पौष २०/यातायात मजदुर तथा व्यवसायी भलाइ कोष बुटवल र तिलोत्तमा उद्योग वाणिज्य संघबीच सम्झौता भएको छ । संघमा आबद्ध व्यवसायीका निजी तथा सार्वजनिक सवारीसाधनहरू भलाइ कोषमा आबद्ध गराउने र दुर्घटना न्यूनीकरण अभियानमा सहकार्य गर्ने उद्देश्यले संघ र भलाइ कोष बुटवलबीच द्विपक्षीय सम्झौता भएको हो ।

संघले आफ्ना व्यवसायीका सवारीसाधन कोषमा दर्ता भएर सञ्चालन गर्ने सम्झौता गरेको जनाएको छ । सम्झौतामा निजी तथा भाडामा चल्ने सवारीसाधनका अतिरिक्त संघमा आबद्ध व्यवसायीका मोटरसाइकल तथा स्कुटरहरू समेत कोषमा नियमानुसार शुल्क बुझाइ आबद्ध गराइने छ ।

# जलपन्छी : गणना हुन्छ, संरक्षण हुँदैन



**रामचन्द्र रायमाझी**
**पाल्पा, पौष २०/** दलदल सिम, घोल, ताल, तलाउ, पोखरी, दह, कुण्ड, नदीनाला, बाढी क्षेत्र, जलाशय, सिञ्चित खेत, जल क्षेत्रको घाँसे मैदान जस्ता सिमसारमा आश्रित चराका प्रजातिलाई जलपन्छी भनिन्छ । प्रजनन, चरन र विचरणका लागि यी चरालाई जलीय पर्यावरण आवश्यक पर्छ । यिनिहरुको संख्या र अवस्थिति पत्ता लगाउन गणना गर्ने गरिन्छ । हरेक वर्षको जनवरी महिनाको पहिलो शनिवारदेखि जलपन्छीको गणना गर्ने गरिएको छ ।

स्वयंसेवी, पन्छी अवलोकनकर्ता, स्थानीय बासिन्दा, सरोकारवाला निकाय र संरक्षण संघसंस्थाको सहभागितामा सन् १९८७ देखि हरेक वर्ष गणनाको कार्य गर्ने गरिऐ हो । यस वर्ष शनिबारदेखि देशैभर गणना सुरु भएको छ । जलपन्छीको वितरण र अवस्था पत्ता लगाउन, संख्या अद्यावधिक गर्न, संरक्षणमा स्थानीय समुदायलाई सहभागी गराई जनचेतना अभिवृद्धिका लागि जलपन्छीको अनुगमन र गणना गर्ने गरिए पनि जलपन्छीको अवस्था लोपोन्मुख अवस्थामा छ ।

मानवीय क्रियाकलापसँगै वासस्थान विनाश हुने क्रमले तालको शोभा बढाउने जलपन्छीहरू लोप हुँदै गएका हुन् । सिमसारको अतिक्रमण, वरपरका खेतबारीमा प्रयोग गरिने रासायनिक मल र विषादीको चुहावट, ढल तथा मेलापर्वका सामान विसर्जन, बाह्य तथा मिचाहा प्रजातिको संक्रमण, भू-क्षय र वरपरबाट बगेर आउने भलसँगै ढुङ्गा, बालुवा, पाँगो माटो थुप्रिनुका साथै पछिल्ला दिनमा नदीजन्य पदार्थको अनियन्त्रित उत्खनन, पर्यटन प्रवर्द्धनका नाममा तालतलैयामा डुङ्गा सञ्चालन, भौतिक संरचनाको निर्माण र वनभोज जस्ता पर्यावरण प्रतिकूल क्रियाकलापले सिमसारको गुणस्तर र आयु छोट्याइदिएको छ । यसको प्रत्यक्ष असर जलपन्छीमा परेको छ । संरक्षण क्षेत्र बाहिरका सिमसार र वरपरको क्षेत्र तीव्र मानवीय दोहनका कारण जोखिममा परेका छन् । हरेक वर्ष जलपन्छीको गणना गर्न तत्परता देखाइए पनि तिनीहरुको संरक्षणमा ध्यान दिइएको छैन् । नेपालमा हालसम्म अभिलेख भएका ४१ प्रजातिका विश्वकै दुर्लभ चरामध्ये १२ प्रजाति त पानीचरा नै पर्छन् । नेपालमा संकटापन्न अवस्थामा रहेका १ सय ६८ प्रजातिका चरामध्ये एक चौथाइ हिस्सा पानीचराले ओगटेका छन् । विभिन्न सिमसार क्षेत्र र पर्यावरणको सूचक रूपमा हेरिने यी पानीचराको संख्यामा आएको उल्लेख्य गिरावटले नेपालको बिग्रँदो वातावरणीय सन्तुलन र प्राकृतिक स्रोतको ह्रासलाई जनाउँछ । गणना गरिए पनि तिनीहरुको संरक्षणमा चासो नदिदा दिनहुँजसो जलपन्छीहरु लोप हुँदै जान थालेको अध्यनकर्ताहरु बताउँछन् ।

तालहरूमा फैलिएको दुर्गन्ध र सिमसार क्षेत्रको विनाशले जलपन्छी बर्सेनि घट्दै गएको लामो समयदेखि चराको अध्ययनमा जुटेका विष्णु अधिकारीले बताए । उनले भने, 'वासस्थान विनाश नै चरा घट्नुको मुख्य कारण हो ।' उनका अनुसार केही वर्षअघिसम्म सयौंको संख्यामा पाएका जलपन्छीहरू पछिल्लो समय ह्वात्तै घटेका छन् । रुपन्देहीको गैडहवा ताल, गजेडी ताल, कपिलवस्तुको जगदीशपुर ताल, सुनसरीको बर्जु तालमा पछिल्ला वर्षहरुमा जलपंक्षीको संख्यामा निकै कमी आएको छ । यस वर्ष पुस २० गतेदेखि माघ ६ गतेसम्म जलपंछीको संख्या, प्रजाती, बासस्थानको अवस्था बारे जानकारी लिनका लागि गणनाकार्य सुरु भएको छ । यस अवधिमा पानीमा आश्रित तथा पानी वरिपरि बस्ने आवासीय र बसाइँसराइ गर्ने चराको तथ्याङ्क सङकलन कार्य हुनेछ ।

# महोत्सव लगाउँदा २५ लाख कर तिर्नुपर्ने



**तुलसीपुर,पौष २०/**दाङको तुलसीपुर उपमहानगरपालिकामा महोत्सव लगाउने संस्थाले २५ लाख सामाजिक उत्तरदायित्वका रूपमा तिर्नुपर्ने निर्णय गरिएको छ ।

उपमहानगरपालिकाको कार्यपालिका बैठकले यस्तो निर्णय गरेको उपमहानगरपालिकाका प्रमुख टीकाराम खड्काले बताए । साथै मनोरञ्जन करका रूपमा प्रत्येक टिकेटको पाँच प्रतिशत नगरलाई तिर्नुपर्ने उनले बताए । यसअघि महोत्सव लगाउन नगरले सिफारिस दिने तर, कर जिरो हुने अबस्था थियो थियो, उनले भने, 'तर, अहिले २५ लाखसहित मनोरञ्जन कर उठाउँदा ३० लाख बढी हुने भयो, यसले नगरमा कर बढ्ने भयो ।' यसअघि महोत्सवको अनुमति दिए पनि ठेकेदारहरू आएर बिचौलियाको काम गर्ने र आम्दानीको पाँच प्रतिशत नगरलाई दिनुपर्ने व्यवस्था भए पनि एक पनि कर नआउने गरेको भन्दै अबदेखि त्यो समस्या नहुँने उनको भनाइ थियो ।

अब उपमहानगरपालिकाले आफैं टिकेट छापेर दिने र त्यसको पाँच प्रतिशत मनोरञ्जन कर दिनुपर्ने उनले बताए । यसअघि आयोजकले आफैं टिकेट काट्ने र आम्दानी नदेखाउने गर्दा करमा पनि छली हुने अवस्था थियो । यस्तै यस वर्ष चेम्बरलाई महोत्सव लगाउने जिम्मा दिने निर्णय गरेको छ । तुलसीपुर उपमहानगरपालिकाका कार्यपालिकाको शुक्रबारको बैठकले तुलसीपुर चेम्बर अफ कमर्सलाई महोत्सव लगाउने जिम्मा दिने निर्णय गरको हो । यस अघि तुलसीपुर उद्योग वाणिज्य संघले महोत्सव लगाएको भन्दै पालोका आधारमा चेम्बरलाई महोत्सव लगाउने जिम्मा दिइएको प्रमुख खड्काले बताए ।'एउटा व्यवसायको संस्थाले एक पटक महोत्सव लगाएमा तीन वर्षसम्म लगाउन नपाउने कार्यविधि छ', उनले भने, 'सोहीबमोजिम हामीले यस वर्ष चेम्बर र साना तथा घरेलु उद्योग महासंघलाई दिने भन्ने कुरामा बहस भयो, तर अन्तत: चेम्बरलाई दिने निर्णय भयो, यहीअनुसार अर्को बर्ष घरेलुलाई दिनुपर्ने हुन्छ, यो कार्यविधिले बोलेको कुरा हो ।' उद्योग वाणिज्य संघका प्रतिनिधिले बोलपत्रमार्फत महोत्सव लगाउनुपर्ने माग राखेको भए पनि सबैलाई पालो दिएर त्यसपछि बोलपत्र गर्न सकिने नगर प्रमुख खड्काको भनाइ छ । *-रासस*



पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY

# सम्पादकीय

## नैतिकताको खडेरी

नैतिक आचरण मानव सभ्यताको नैतिकशास्त्र र राजनीतिशास्त्र दुवैले मानवलाई नैतिक प्रतिनिधिको रूपमा परिकल्पना गरेका छन् । व्यक्ति विशेषलाई विवेकी तुल्याई उपयुक्त निर्णय लिन सक्षम तुल्याउने व्यवहारको अनुसरण नैतिकताले चिनिन्छ । हरेक मानिसले सही र असल कार्य गरेमा नैतिकतायुक्त समाज स्वतः निर्माण हुन्छ । तर समाज र नेपाली राजनीतिमा अनैतिकताको नांगो नाच हुने गरेको छ । पछिल्लो समय अझ बढी राजनीति गर्ने नेताहरुमा नैतिकता भन्ने कुरा नै हराउँदै गएको छ । यो अत्यन्त दुखको कुरा हो । जब नेतृत्व नै अनैतिक हुन थाल्छ, तब समाज र देश दिशाहीन यात्रामा जान्छ । संसारका अरू देशमा जहाँ नैतिक नेतृत्व छ, त्यहाँ जनतामा खुसियाली छाएको छ । तर, नेपालमा नैतिकताको खडेरीका कारण जनता सधै दुखमा छन् । सुन्दर, शान्त र प्रकृतिको समृद्ध उपहार पाएको देश नैतिकताको अभावमा अभावग्रस्त बन्नु पक्कै पनि राम्रो हैन । जहाँ नैतिकता छैन, त्यहाँ नीति र कार्यक्रम केवल कागजका खोस्टा हुन् । जो नैतिक छैन, उसलाई नेता र उसको कृत्यलाई नेतृत्व भन्नु पनि उपहास हो ।

समाज राजनीतिकरणको त्यो विन्दुमा पुगिसकेको छ, अब धार्मिक स्थल र न्यायलयको नियुक्तिमा समेत राजनीतिक भागबन्डा अनिवार्य भइसकेको छ । नियुक्त गर्ने निकायमा बसेका वा सिफारिस गर्ने निकायमा बसेकाहरू भरसक आफ्नै नाम वा त्यो सम्भव नभए आफ्नो परिवारको सदस्यको नाम, त्यो पनि नभए आफ्नो दल निकटको नाम र त्यो पनि नभए आर्थिक चलखेलका आधारमा निर्धारण गरिएको नाम सिफारिस गर्न कुनै शरम मान्दैनन् । के यस्तो समाजले आधुनिक राजनीतिक चेतनाको उच्चतम राजनीतिक शासन प्रणाली गणतन्त्रको सुदृढीकरण गर्न सम्भव छ ? नैतिकताको अभावका कारण दलहरुप्रति जनविश्वास समेत घट्दै गएको छ । यसर्थ जनताप्रति विश्वासिलो हुन र समाज र देश विकासमा लाग्न नैतिकवान बन्न जरुरी छ ।

### Opinion @ Social Network

जब सम्म आफ्नो पालो आउदैन, तवसम्म अरुको लागी ताली बजाउन सिक्नुपर्छ ।
*(सरोज बनियाँको फेसबुक स्टाटसबाट https://www.facebook.com/Sarojbaniya)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# वैदेशिक रोजगार ठगी र कानुन कार्यान्वयनको अवस्था



सोम लुइटेल

*वैदेशिक रोजगार विभागसँग वैदेशिक रोजगारका सबै कसुरमा उजुरी लिने र अनुसन्धान गर्ने अधिकार छ । वैदेशिक रोजगार ऐनको २०७५ मा भएको संशोधनले प्रमुख जिल्ला अधिकारीलाई सबै प्रकारका उजुरी लिने अधिकार दिएको छ । साथै व्यक्तिगत मुद्दामा मेलमिलापका माध्यमबाट पीडितलाई क्षतिपूर्ति दिलाउने अधिकार समेत प्रमुख जिल्ला अधिकारीलाई छ । सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था छ ।*

वैदेशिक रोजगार धेरै नेपाली युवाका लागि बाध्यता र केहीका लागि रहरको विषय बनेको छ । गत वर्ष (०८०/०८१) मा सात लाख ४१ हजार २९७ नेपाली युवाले विदेशमा काम गर्न श्रम स्वीकृति लिएका थिए । जसमा पढ्न जानेहरू र भारत जानेहरूको संख्या समावेश गरिएको छैन । विदेश जाने कामदारले खर्बौं रेमिटान्स प्रतिवर्ष कामदारहरू विभिन्न प्रकारका शोषणमा समेत परेका छन् । ती समस्यामध्ये एक हो, ठगीमा पर्नु ।

वर्ष ०८०/०८१ मा वैदेशिक रोजगार विभागमा सात हजार ७६३ वटा उजुरी दर्ता भए भने मानव बेचबिखनका १६६ वटा उजुरी प्रहरीमा दर्ता भए । यस अतिरिक्त देशभरका जिल्ला प्रशासन कार्यालयमा हजारौं वैदेशिक रोजगारका मुद्दा दर्ता भएका छन् । वैदेशिक रोजगारमा ठगी एक प्रमुख समस्याका रूपमा दिनहुँ बढिरहेको छ ।

**वैदेशिक रोजगार कसुर :** वैदेशिक रोजगारलाई व्यवस्थित गर्न वैदेशिक रोजगार ऐन, २०६४ लागु गरिएको छ । वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६३ अनुसार वैदेशिक रोजगारका कसुर सरकारवादी हुने फौजदारी अपराधको श्रेणीभित्र राखिएको छ । वैदेशिक रोजगार कसुर भन्नाले वैदेशिक रोजगार ऐन, २०६४ ले निषेध गरेको कार्य गर्नु र सो ऐनले गर्नु भनेको कार्य नगर्नु हो । कसुरको प्रकृतिका आधारमा वैदेशिक रोजगार कसुरलाई दुई भागमा विभाजन गर्न सकिन्छ ।

१) **व्यक्तिगत :** वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने इजाजत नलिएका व्यक्ति (एजेन्ट) ले गर्ने वैदेशिक ।

२) **संस्थागत :** इजाजतवाला (मेनपावर) ले गर्ने वैदेशिक रोजगार सम्बन्धी कसुर । वैदेशिक 'इजाजतवाला वा कुनै व्यक्तिले कसैलाई वैदेशिक रोजगारमा लगाइदिन्छु भनी झुटो आश्वासन दिई वा प्रलोभन देखाई कुनै रकम लिई विदेश नपठाएमा, इजाजतपत्रवालाले विभागबाट स्वीकृति नलिई कामदार विदेश पठाएमा, १८ वर्ष उमेर पूरा नभएको व्यक्तिलाई वैदेशिक रोजगारमा पठाएमा, सरकारले खुला नगरेका मुलुकमा कामदार पठाएमा, विभागको अनुमतिविना शाखा कार्यालय खोले, विज्ञापन प्रकाशन नगरेमा, रोजगार करार विपरीत कार्य गरे गराएमा, इजाजतवालाले व्यक्तिगत रूपमा कामदार पठाएमा, रकम फिर्ता वा क्षतिपूर्ति दिन इन्कार गरेमा, छनोट सूची प्रकाशन नगरेमा, प्रवेशाज्ञा शुल्क, सेवा शुल्क तथा प्रवर्द्धन खर्च बढी लिएमा, लिखत प्रतिवेदन लुकाएमा वा हेरफेर गरेमा, विभागले दिएको आदेश वा निर्देशन पालना नगर्ने'जस्ता कार्यलाई कसुर भनी परिभाषा र दण्ड सजायको व्यवस्था गरिएको छ, (परिच्छेद ९, वैदेशिक रोजगार ऐन, २०६४, कानुन किताब व्यवस्था समिति, नेपाल सरकार कानुन, न्याय तथा संसदिय मामिला मन्त्रालय) ।वैदेशिक रोजगार कसुरमा बढीमा सात वर्षसम्म कैद र पाँच लाख रुपैयाँसम्म जरिवाना हुने कानुनी व्यवस्था छ । वैदेशिक रोजगार पीडितलाई बुझाएको रकममा ५० प्रतिशत क्षतिपूर्ति दिलाउने कानुनी व्यवस्था छ । कामदार विदेश गएको भए जाँदा-आउँदाको खर्च समेत भरी पाउने कानुनी व्यवस्था छ ।

**वैदेशिक रोजगार न्याय निरोपण**

वैदेशिक रोजगार विभागसँग वैदेशिक रोजगारका सबै कसुरमा उजुरी लिने र अनुसन्धान गर्ने अधिकार छ । वैदेशिक रोजगार ऐनको २०७५ मा भएको संशोधनले प्रमुख जिल्ला अधिकारीलाई सबै प्रकारका उजुरी लिने अधिकार दिएको छ । साथै व्यक्तिगत मुद्दामा मेलमिलापका माध्यमबाट पीडितलाई क्षतिपूर्ति दिलाउने अधिकार समेत प्रमुख जिल्ला अधिकारीलाई छ । विदेशमा समस्यामा परेका कामदारले सम्बन्धित देशको कूटनीतिक नियोगमा उजुरी गर्न सक्ने र त्यस्तो उजुरी परे विभागमा प्रेषण गर्न पर्ने कानुनी व्यवस्था छ । वैदेशिक रोजगार विभागमा पर्न आएका उजुरीहरू विभाग अन्तर्गतको उजुरी अनुसन्धान एकाइले अनुसन्धान गर्दछ, (दफा ६० र ६१, वैदेशिक रोजगार ऐन, २०६४, कानुन किताव व्यवस्था समिति, नेपाल सरकार कानुन, न्याय तथा संसदिय मामिला मन्त्रालय ।) वैदेशिक रोजगार विभागले अनुसन्धान सकेपछि विशेष सरकारी वकिलको कानुनी राय अनुसार वैदेशिक रोजगार न्यायाधिकरणमा अभियोग दर्ता गर्दछ । वैदेशिक रोजगार विभागसँग क्षतिपूर्ति (कम तलब वा पूरा तलब नदिनु र इजाजतपत्रवालासँग सम्बन्धित अन्य विषय) सम्बन्धी मुद्दामा निर्णय गर्ने समेत अधिकार छ । वैदेशिक रोजगार मुद्दाहरू हेर्नका लागि वैदेशिक रोजगार न्यायाधिकरण गठन गरिएको छ । उच्च अदालतका न्यायाधीशको अध्यक्षतामा तीन सदस्यीय वैदेशिक रोजगार न्यायाधिकरण रहने व्यवस्था छ (दफा, ६६ वैदेशिक रोजगार ऐन, २०६४, कानुन किताव व्यवस्था समिति, नेपाल सरकार कानुन, न्याय तथा संसदिय मामिला मन्त्रालय) । न्यायाधिकरणले गरेको निर्णय उपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था छ । वैदेशिक रोजगार विभागले गरेको निर्णय उपर श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा पुनरावेदन लाग्दछ (दफा १० (१), संक्षिप्त कार्यविधि ऐन, २०२८, कानुन किताव व्यवस्था समिति, नेपाल सरकार कानुन, न्याय तथा संसदिय रोजगारसम्बन्धी मुद्दाको अन्तिम फैसला भएपछि सम्बन्धित जिल्ला अदालतबाट फैसला कार्यान्वयन गरिन्छ । वैदेशिक रोजगार सम्बन्धी मुद्दाहरूमा संक्षिप्त कार्यविधि अपनाइन्छ, जस अनुसार प्रतिवादीको बयान भएको ९० दिनभित्र मुद्दा फैसला गर्नुपर्नेछ (वैदेशिक रोजगार र मानव बेचबिखन सम्बनधी सर्वोच्च अदालतका फैसलाहरूको विश्लेषण, २०७९, पिपुल फोरम) ।

**मिलापत्रको माध्यमबाट विवादको समाधान :** मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४ को दफा ११७ अनुसार वैदेशिक रोजगारीसम्बन्धी मुद्दामा प्रतिवादी र पीडित दुवैले मिलापत्र गराई पाउँ भनी नेपाल सरकारसमक्ष निवेदन दिएमा र त्यस्तो बेहोरा मनासिब लागेमा नेपाल सरकारले त्यस्तो मुद्दामा सरकारी वकिलमार्फत मिलापत्र गराउन आदेश दिन सक्नेछन् । ऐन अनुसार मुद्दाको फैसला नहुँदासम्म वा पुनरावेदन तहमा जुनसुकै अवस्थामा पनि दुवै पक्षबिच मिलापत्र हुन सक्छ । यस प्रकार कानुनको मकसद हेर्दा मुद्दा वैदेशिक रोजगार न्यायाधिकरणमा पुगेपछि मिलापत्र हुने कानुनी व्यवस्था छ । यसको अतिरिक्त प्रमुख जिल्ला अधिकारीलाई व्यक्तिगत मुद्दा मेलमिलाप गराउने अधिकार छ । यस्तो कानुनी व्यवस्था भए पनि हाल व्यवहारमा अनुसन्धानकै तहमा वैदेशिक रोजगार विभाग, प्रमुख जिल्ला अधिकारीले र वैदेशिक रोजगार न्यायाधिकरणमा सबै प्रकारका मुद्दा मिलापत्र मिलापत्र हुने गरेका छन् । मिलापत्र भएका मुद्दामा पीडितले कानुनले प्रदान गरेको थप क्षतिपूर्ति नपाएको देखिन्छ । पिपुल फोरमले गरेको अनुसन्धान अनुसार कार्यालय मार्फत हुने मेलमिलापको एकीकृत तथ्याङ्क रहेको देखिँदैन ।

**कानुन कार्यान्वयनको अवस्था :** नेपाली कानुनले वैदेशिक रोजगार ठगीलाई सरकारवादी फौजदारी मुद्दाको श्रेणीमा राखी राम्रा विशिष्टीकृत निकाय र कार्याविधि तय गरे पनि पीडितले यथोचित न्याय पाउन सकिरहेका छैनन् । पिपुल फोरमले गरेको अध्ययन अनुसार, ५६ प्रतिशत वैदेशिक रोजगारका मुद्दा मात्र सरकारले (पीडितको पक्षमा) जितेको छ, (वैदेशिक रोजगार न्यायाधीकरणबाट भएका फैसलाहरुको कार्यान्वयनको स्थिति सम्बन्धी एक अध्ययन, २०७४, वैदेशिक रोजगार न्यायाधिकरण, वैदेशिक रोजगार बोर्ड र पिपुल फोरम) । जितेका मुद्दामध्येमा कुल १०.८१ प्रतिशत पीडितले मात्र क्षतिपूर्ति पाएका छन् (स्टडी अन द सिचुएसन अफ् मेडियसन इन् फरेन इम्प्लोएमेन्ट केसेज, २०२४, पिपल फोरम फर हुमन राइट्स) । मिलापत्रको माध्यमबाट समेत पीडितले आफूले बुझाएको साँवा रकमको ९६.५६ प्रतिशत रकम मात्र पाएको देखिन्छ (सोमप्रसाद लुइटेलविरुद्ध मन्त्री परिषद् सचिवालय, ०७१ डब्लुओ (०१०९, परमादेश) । यस्तो समस्या केन्द्रीकृत न्यायिक संरचना, लामो कार्यविधि, फैसला कार्यान्वयनको जटिलता र पीडितहरूमा कानुनी ज्ञानको अभावले निम्त्याएको छ । देश संघीयतामा गएको पनि वर्षौं भइसकेको र सर्वोच्च अदालतले निर्देशन दिएको बाबजुद अझसम्म वैदेशिक रोजगार न्यायका लागि काठमाडौं नै धाउनुपर्ने बाध्यता छ । अझ मानव बेचबिखनसम्बन्धी कानुनी व्यवस्था प्रभावकारी कार्यान्वयन नहुनु, विदेशमा (भारतबाहेक) प्रहरी सहचारीको नियुक्ति हुन नसक्नु, विविध कारणले विदेशमा नेपालीले न्याय पाउन नसक्नु, मानव तस्करीसम्बन्धी प्रयाप्त कानुनी व्यवस्था नहुनु र मुद्दा अनुसन्धानमा कमी रहनु पनि प्रमुख चुनौतीमा पर्छन् । अभियोजन पृष्ठभूमिका अनुसन्धान अधिकृतबाट अनुसन्धान गर्नुपर्ने, अनुसन्धानमा पर्याप्त स्रोतको अभाव र देशभरका वैदेशिक रोजगार मुद्दाको अनुसन्धान सीमित जनशक्ति भएको केन्द्रीकृत विभागले गर्नुपर्दा अनुसन्धान प्रभावकारी हुन सकेको छैन ।

**निष्कर्ष र सुझाव :** वैदेशिक रोजगारको न्यायिक प्रक्रियालाई स्थानियकरण गर्न आवश्यक छ । सर्वोच्च अदालतको मिति २०७३/१२/२ को आदेश अनुसार वैदेशिक रोजगार न्याय सम्पादन कम्तीमा प्रदेश स्तरमा हुनुपर्छ । पीडितलाई गाउँ-ठाउँमै उजुरी गर्ने व्यवस्था मिलाउनुपर्छ । जसका लागि वैदेशिक रोजगार ठगी (दफा ४४ मेनपावरको र दफा ४३ एजेन्ट) को अनुसन्धान गर्ने अधिकार प्रहरीलाई दिनुपर्छ । विदेशमा भएको ठगीलाई कानुनी दायरामा ल्याउन बढी कामदार भएका गन्तव्य देशहरूमा प्रहरी सहचारी राख्ने र मुद्दा प्रेषण गर्ने प्रणाली बलियो बनाउनुपर्छ । ठगी र तस्करी रोक्न प्रभावकारी कानुनी व्यवस्था गर्ने, संक्षिप्त कार्यविधिको कार्यान्वयन गर्ने र फैसला कार्यान्वयनलाई छोटो र सरलीकृत गर्नुपर्छ । स्थानीय सरकार र नागरिक समाजको सहकार्यमा वैदेशिक रोजगारको कानुनी कार्यविधिबारे जनचेतना अभिवृद्धि गर्नुपर्छ । वैदेशिक रोजगार पीडितका लागि निःशुल्क कानुनी सहायता प्रदान गर्नुपर्छ । *-रातोपाटी डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रेटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

**मेष** : अरुको उपकार गर्न सकिनेछ। आम्दानी बढ्नाले उत्साह जाग्नेछ ।
**वृष** : प्रतिष्ठित काम गर्ने अवसर मिल्नेछ। समाजसेवामा रुचि बढ्नेछ ।
**मिथुन** : भाग्यको साथ मिल्नेछ। नसोचेको काम बन्नाले मन प्रसन्न रहनेछ ।
**कर्कट** : नयाँ समस्याहरू निम्त्याउन सक्ला। अप्ठ्यारो कार्यमा मेहनत गर्दा सफलता मिल्नेछ।
**सिंह** : परिवारजनको साथले आशा जगाउनेछ। बोलीले अरुको विश्वास जित्न सक्नुहुनेछ।
**कन्या** : नयाँ कार्यतर्फ अग्रसर हुनुहोला। समारोहमा सम्मिलित हुन सक्नुहुनेछ।
**तुला** : गल्तीलाई वेवास्ता नगर्नुहोला। स्वास्थ्यप्रति सावधान रहनुहोस्।
**वृश्चिक** : कार्यक्षेत्रमा आश्वासन पाइनेछ। व्यापारमा गोपनियता राख्नुहोला ।
**धनु** : दिनचर्याले थकान महसुस हुनेछ। यात्रा लाभदायक रहनेछ।
**मकर** : सञ्चित धनमा वृद्धि हुनेछ। आफन्तहरूको साथ मिल्नेछ।
**कुम्भ** : राजनीतिक क्षेत्रमा जनबल बढ्नेछ। प्रभावशाली व्यक्तित्व बनाउन सकिनेछ।
**मीन** : सफलता मिल्न अप्ठ्यारो हुनेछ। रोजगारबाट लाभ मिल्ला।

## कृषि

# कृषि मुलुक च्याउमा समेत परनिर्भर

पछिल्लो समय च्याउको उत्पादन र बजार दुवै विस्तार हुँदै गएको छ । कम लगानीमा बढीभन्दा बढी आम्दानी लिन सकिने भएकाले पनि किसानमात्रै नभई कर्पोरेट हाउसहरूसमेत च्याउ व्यवसायतर्फ आकर्षित हुन थालेका छन् । विगतमा आयातमा निर्भर नेपाल क्रमिकरूपमा आत्मनिर्भरतर्फ अग्रसर हुँदैछ । तथापि सरकारको स्पष्ट नीति नहुँदा अपेक्षाअनुसार च्याउको विकास विस्तार र प्रवर्द्धन भने हुन सकिरहेको छैन । च्याउ खेती आर्थिक र रोजगारीको दृष्टिकोणले अपार सम्भावना बोकेको कृषि व्यवसाय हो । अनुकूल भौगोलिक विविधताका कारण नेपालमा बाह्रै महिना यसको खेती गर्न सकिन्छ । अन्य नगदेबाली जस्तो धेरै जग्गा नचाहिने र छोटो अवधिभित्रै प्रतिफल प्राप्त गर्न सकिने नाफामुखी कृषि व्यवसाय भएकाले च्याउले गरिबी निवारणमा समेत महत्वपूर्ण भूमिका खेल्न सक्छ तर पनि च्याउ सरकारको खासै प्राथमिकतामा रहेको देखिँदैन । नेपालमा धेरै जातका च्याउहरू पाइन्छन् तर यसको अध्ययन अनुसन्धान र विकास भने हुन सकेको छैन । नेपालमा बहुमूल्य जातका च्याउको उत्पादन र निर्यातको प्रचुर सम्भावना हुदाँहुदै पनि सरकारले चासो नदिएकाले नेपाल र नेपाली किसान च्याउका सम्भावित अवसरहरूबाड वञ्चित हुनुपरिरहेको छ । फ्रेस च्याउको आयात घटे पनि च्याउजन्य उत्पादन ठूलो परिमाणमा आयात भइरहेको छ ।

**मासु, फलफूल र तरकारीमा भन्दा बढी तत्व :** विभिन्न अध्ययन अनुसार च्याउमा प्रोटिनको मात्रा मासु र माछाभन्दा कम तथा धेरैजसो तरकारी तथा फलफूल भन्दा बढी पाइन्छ । शरीरलाई नभइन हुने नौवटा अत्यावश्यक अमिनो अम्लहरू कुनै पनि एउटै प्राकृतिक स्रोतमा हुँदैनन् तर यी सबै अत्यावश्यक अमिनो अम्ल च्याउमा पाइएको छ । च्याउमा पाइने प्रोटिन पचाउन पनि धेरै सजिलो हुन्छ, अन्य गेडागुडी र मासुको प्रोटिन पचाउन नसक्ने बालबालिका र वृद्धवृद्धाहरूका लागि त च्याउ झन् उपयोगी मानिन्छ । प्रोटिनबाहेक च्याउमा विभिन्न भिटामिन तथा खनिज तत्वहरू पनि पाइन्छन् । च्याउमा भिटामिन बी कम्प्लेक्स तथा भिटामिन सी पर्याप्तमात्रामा पाइन्छ । फोलिक एसिड तथा भिटामिन बी १२ जस्ता गर्भवती तथा दूध खुवाउने महिलालाई अति आवश्यक पोषक तत्वहरू सामान्य तरकारी सबैमा पाइँदैन तर च्याउमा एकसाथ पाइन्छ । फस्फोरस, सोडियम तथा पोटासियमजस्ता खनिज तत्वहरू पनि च्याउमा प्रशस्त मात्रामा पाइन्छ । व्यावसायिक कीट विकास केन्द्रद्वारा प्रकाशित च्याउ खेती प्रविधि पुस्तिकाअनुसार च्याउमा उच्च पोटासियम, सोडियम पाइन्छ, जुन ब्लडप्रेसरका बिरामीका लागि आवश्यक हुन्छ । च्याउमा सक्खर तथा बोसोको मात्रा धेरै कम हुने तथा कोलेस्टेरोल रहित भएकाले च्याउ मधुमेहका बिरामीका लागि अत्यन्तै फाइदाजनक मानिन्छ । च्याउमा रेशादार पदार्थसमेत बढी हुने भएकाले कब्जियतबाट बचाउनुका साथै दैनिक च्याउ खाने व्यक्तिलाई क्यान्सर रोग लाग्न नसक्ने स्वास्थ्यकर्मीको दाबी छ । त्यसैगरी च्याउले मानव शरीरका कोषहरूलाई चाँडो बुढो हुनबाट बचाउनुका साथै कोलेस्टेरोल घटाउँछ, जसको कारण फदयाघात, पक्षाघातजस्ता समस्याबाट जोगाउँछ । शरीरमा अनावश्यक गिर्खा आउनबाट रोक्छ भने रुघाखोकी निरोधक क्षमताका साथै हाड रोगको रोकथाममा पनि सहयोग गर्छ ।



**सम्भावना र चुनौती :** च्याउ खेती आर्थिक र रोजगारीको दृष्टिकोणले अपार सम्भावना बोकेको एउटा कृषि व्यवसाय हो । अनुकूल भौगोलिक विविधताका कारण नेपालमा बाह्रै महिना च्याउ खेती गर्न सकिन्छ । अन्य नगदेबालीजस्तो धेरै जग्गा नचाहिने र छोटो अवधिभित्रै प्रतिफल प्राप्त गर्न सकिने नाफामुखी कृषि व्यवसाय भएकाले च्याउले गरिबी निवारणमा समेत महत्वपूर्ण भूमिका खेल्न सक्छ ।पछिल्लो समय स्वदेशी तथा विदेशी बजारमा च्याउको माग बढ्दै गएको छ । उन्नत प्रविधि विकास र च्याउको प्रजातीये व्यावसायिकीकरण बढ्दै गएको छ । पौष्टिक खाद्यतत्व उपलब्धताका कारण च्याउ खाद्य तथा पोषण सुरक्षाको बलियो आधार पनि मानिन्छ । स्थानीय स्रोत र साधनको सदुपयोग गरी च्याउ उत्पादन गर्न सकिन्छ । च्याउ प्रशोधन गरी विभिन्न परिकार बनाएर लामो समयसम्म भण्डारण तथा उपयोग गर्न सकिन्छ ।

त्यसो त खुला सिमानाका कारण भारतीय च्याउको प्रवेशले नेपाली च्याउले राम्रो मूल्य पाउन सकेको छैन । तथापि पछिल्लो समय नेपाली च्याउले भारतीय च्याउलाई विस्थापित गर्दै गएको च्याउ उत्पादक किसान संघका अध्यक्ष सन्तोष कार्की बताउछन् । उनका अनुसार नेपालमा हाल च्याउ खेतीमा करिब ३५ हजार किसान आबद्ध छन् भने वार्षिक करिब १५ अर्ब रुपैयाँ बराबरको च्याउ कारोबार हुने गरेको छ । हाल कन्य च्याउको दैनिक उत्पादन ५० हजार केजी, गोलो च्याउ १० हजार केजी, राजा च्याउ एक हजार केजी, सिताके करिब आठ सय केजी र अन्यको उत्पादन दैनिक पाँच सय केजी रहेको छ । कृषि मन्त्रालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०७९/८० मा नेपालमा ताजा गोभ्रे च्याउ तीन लाख १७ हजार नौ सय ३३ केजी आयात भएको थियो तर आर्थिक वर्ष २०८०/८१ मा घटेर ८२ हजार तीन सय १० केजीमा झरेको छ । त्यसो त च्याउको धेरै जसो उत्पादन र खपत काठमाडौं लगायतका शहरी क्षेत्रमा मात्रै रहेको पाइएको छ । ग्रामीण क्षेत्रमा च्याउको खासै प्रवर्द्धन हुन सकेको छैन । तर, व्यावसायिक कीट विकास केन्द्र प्रमुख डा. सावित्री बराल भने सरकारले विगत वर्षहरूमा च्याउ प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरेकै कारण अहिले च्याउमा उपभोक्ता र उत्पादकमा जागरण ल्याएको बताउनुहुन्छ । उनले भने, 'विगतमा केन्द्र मार्फत् सरकारले च्याउको प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरेको थियो । सोही कारण पछिल्लो समय सर्वसाधारणमा पनि च्याउ खानुपर्ने रहेछ भन्ने धारणा बन्दै गएको छ । विगतमा च्याउ खानै हुँदैन भन्ने जमात पनि अहिले च्याउ तर्फ आकर्षित भइरहेको अवस्था छ ।तथापि संघीयतासँगै सबै काम संघले गर्दैन, नीतिगत काम हुन्छ । तीनवटै सरकार बीच कामको बाँडफाँट भएका छन् । साथै च्याउको राष्ट्रिय स्रोत केन्द्र स्थापनाका लागि खोपासीमा भवन लगायत पूर्वाधार निर्माणको काम सुरु भइसकेको पनि उनले जानकारी दिए । स्रोत केन्द्र स्थापनापछि च्याउ क्षेत्रले गति लिने उनको भनाइ थियो । च्याउ खेती सम्बन्धी दक्ष प्राविधिक जनशक्ति अभाव, बिउ उत्पादक व्यक्ति/संस्थाहरू र उनीहरूले उत्पादन गरेका च्याउ बिउको गुणस्तर प्रति आम च्याउ उत्पादक कृषक अझै विश्वस्त हुन नसकिरहेको अवस्था, च्याउको बजार मूल्यमा अस्थिरता, च्याउको उपयुक्त बजार प्रविधि र व्यवस्थित बजार सञ्जाल अभाव, च्याउ प्रशोधन प्रविधि अभाव, राष्ट्रियस्तरको सरकारी च्याउ स्रोत केन्द्र र च्याउ नीति अभाव, चयाउ बिउ उत्पादन प्रयोगशालाको गुणस्तर, नियमन अभावलगायतका समस्या रहेको केन्द्रले जनाएको छ । विश्व बजारमा च्याउ जर्मन को-अपरेसनसँगको सहकार्यमा सिप्रेडलगायतका संस्थाले तयार पारेको च्याउ उत्पादन तथा बजारीकरण पुस्तिका अनुसार च्याउ मानव सभ्यतासँगै खाद्य, पोषण र औषधिका रूपमा प्रयोग हुँदै आएको छ । विगतमा च्याउ एक महत्वपूर्ण र विशिष्ट भोजनका रूपमा उपयोगमा थियो तर पछिल्लो समय व्यावसायिक उत्पादन, प्रविधि विकास र खुला बजारले च्याउको सर्वसुलभ उपलब्धता बढाएसँगै धनी गरिब सबैको पहुँचमा रहेको छ । यसरी १९९० दशकदेखि च्याउको लोकप्रियतासँगै उत्पादन पनि बढेर गएको छ । विश्वमा च्याउको बजार करिब १६.७ अर्ब डलरको अनुमान गरिएको छ । एसिया प्यासिफिक मुलुकहरूले च्याउ उत्पादनमा अग्रस्थान बनाउँदै आएका छन् ।

जसमा चीनले विश्वकै धेरै अर्थात् ७५ प्रतिशत च्याउ उत्पादन गर्छ भने जापान, भारत, इण्डोनेसिया पनि च्याउ उत्पादनमा अगाडि छन् । विश्वमा च्याउका करिब १४ हजार प्रजाति मध्ये सात हजार जति खानयोग्य मानिएको छ भने झण्डै दुई सय प्रजाति परीक्षण उत्पादन भएकामा ६० प्रजातिका च्याउको व्यावसायिक उत्पादन हुने सम्भावना देखिएको छ ।

नेपालको भौगोलिक एवं जैविक विविधताका कारण च्याउ प्रजातिमा धेरै विविधता पाइए पनि अध्ययन अनुसन्धान हुन सकेको छैन । हालसम्म ११ सय ५० प्रजातिको मात्रै अभिलेखीकरण भएको पाइएको छ । जसमध्ये एक सय ४७ प्रजाति खान योग्य, सय प्रजाति विषालु र ७० प्रजाति औषधीय गुण भएको पाइएका छन् । तर, व्यावसायिक कीट विकास केन्द्रका अनुसार नेपालमा पाइएका च्याउमध्ये एक सय ७० प्रजाति खानयोग्य छन् ।

*-इहिमालय टाइमस खबर*

# यो वर्ष धेरै फल्यो धान, कुन प्रदेशमा कति ?



> **धान बाली हुने क्षेत्रफलमा कमी आउँदा पनि उत्पादकत्वमा सकारात्मक वृद्धि देखिएको हो । वर्षे र चैते दुवै गरी चालु आव कूल १४ लाख २० हजार ६ सय ३६ हेक्टर क्षेत्रफलमा धान लगाइएको अनुमान कायम भएको थियो । जुन गत आवको तुलनामा १.२८ प्रतिशतले कम हो ।कृषि मन्त्रालयका अनुसार औसत उत्पादकत्व ४.१९ टन प्रतिहेक्टर पुगेको छ । यो हालसम्मको उच्च बिन्दु हो । लुम्बिनी र मधेशले बढायो धानको कुल उत्पादनप्रदेशगत हेर्दा यो वर्ष मधेश, लुम्बिनी र कोसी प्रदेशका कारण कुल राष्ट्रिय उत्पादनमा वृद्धि भएको देखिन्छ ।**

धान खेतीको उत्पादकत्व बढ्दा मुलुकमा धान उत्पादन बढेको छ । चालु आर्थिक वर्ष २०८१/८२ मा गत आवभन्दा ४.०४ प्रतिशतले धान उत्पादन बढेको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले सार्वजनिक गरेको तथ्यांकमा उल्लेख छ । मन्त्रालयका अनुसार चालु आव धान बालीको कुल उत्पादन ५९ लाख ५५ हजार ४ सय ७६ टन हुने प्रारम्भिक अनुमानले देखाएको छ । गत आव धानको कुल उत्पादन ५७ लाख २४ हजार २ सय ३४ टन थियो । गत आर्थिक वर्ष वर्षे धान ५२ लाख ३ हजार ४ सय २६ टन उत्पादन भएकोमा यो वर्ष ५४ लाख ११ हजार ८३ टन पुगेको छ । यस्तै चैते धान ५ लाख २० हजार ८ सय ८ टन उत्पादन भएको थियो भने यो आवमा ५ लाख ४४ हजार ३ सय ९३ टन उत्पादन भएको हो । धान बाली हुने क्षेत्रफलमा कमी आउँदा पनि उत्पादकत्वमा सकारात्मक वृद्धि देखिएको हो । वर्षे र चैते दुवै गरी चालु आव कूल १४ लाख २० हजार ६ सय ३६ हेक्टर क्षेत्रफलमा धान लगाइएको अनुमान कायम भएको थियो । जुन गत आवको तुलनामा १.२८ प्रतिशतले कम हो ।कृषि मन्त्रालयका अनुसार औसत उत्पादकत्व ४.१९ टन प्रतिहेक्टर पुगेको छ । यो हालसम्मको उच्च बिन्दु हो । लुम्बिनी र मधेशले बढायो धानको कुल उत्पादन प्रदेशगत हेर्दा यो वर्ष मधेश, लुम्बिनी र कोसी प्रदेशका कारण कुल राष्ट्रिय उत्पादनमा वृद्धि भएको देखिन्छ । कोसीमा यो वर्ष १४ लाख ६६ हजार ५ सय १८ टन अर्थात् गत वर्षभन्दा २.१६ प्रतिशतले धान उत्पादन बढेको छ । गत वर्ष १४ लाख ३५ हजार ५ सय ७८ टन उत्पादन भएको थियो । मधेशमा पनि यो वर्ष उत्पादन ह्वात्तै बढेको छ । गत वर्ष १३ लाख ३७ हजार ६ सय ७२ टन उत्पादन भएको थियो । यो वर्ष १०.७० प्रतिशत बढेर १४ लाख ८० हजार ८ सय ३० टन पुगेको छ । असोजको दोस्रो साता आएको बाढीका कारण बागमतीको धान उत्पादन भने कमी आएको छ । बागमतीमा ४ लाख ९८ हजार ६ सय ६२ टन उत्पादन भएको छ, जबकि गत वर्ष ५ लाख ४ हजार ३ सय ४४ टन धान उत्पादन भएको थियो । बागमतीमा १.१३ प्रतिशतले उत्पादन घटेको हो । गण्डकीमा पनि उत्पादन घटेको छ । गत वर्ष ३ लाख ९१ हजार ६ सय २४ टन धान उत्पादन हुँदा यो वर्ष घटेर ३ लाख ७९ हजार ३२ टन उत्पादन भएको हो । लुम्बिनीमा भने धान उत्पादन बढेर लुम्बिनी १३ लाख ६४ हजार ३१ टन उत्पादन भएको छ । गत वर्ष १३ लाख १० हजार ८ सय २९ टन उत्पादन थियो । जुन यो वर्ष ४.०६ प्रतिशतले घटेको हो ।यस्तै कर्णालीमा धान उत्पादन स्वाट्टै घटेको छ । गत वर्ष १ लाख ४५ हजार ६३ टन उत्पादन भएकोमा यो वर्ष १०.२५ प्रतिशतले घटेर कर्णालीमा १ लाख ३० हजार १ सय ९१ टनमात्र उत्पादन भएको हो । सुदूरपश्चिम प्रदेशमा भने धान उत्पादन ६.१९ प्रतिशतले बढेर ६ लाख ३६ हजार २ सय १२ टन पुगेको छ । गत वर्ष ५ लाख ९९ हजार १ सय २४ टन उत्पादन भएको थियो ।

**किन बढ्यो उत्पादकत्व ?**

मन्त्रालयकी प्रवक्ता डा. मतिना जोशी वैद्यका अनुसार चालु आवमा मनसुन औसतभन्दा तीन दिन अगाडि सक्रिय हुँदा धान उत्पादकत्व बढेको हो ।'धान सिजनमा औसत वर्षा गत वर्षभन्दा उच्च रहन जाँदा वर्षे धान बालीका लागि सहयोगीसिद्ध हुन पुगेको छ,' मन्त्रालयले सार्वजनिक गरेको कारणमा उल्लेख छ ।यस्तै रासायनिक मल र उन्नत जातको धान आयात गत वर्षको सोही अवधिको तुलनामा वृद्धि हुनु पनि धान उत्पादनका लागि प्रभावकारी रहन गएको छ । मन्त्रालयका अनुसार प्रदेशगत हेर्दा कोसी, मधेश, लुम्बिनी र सुदूरपश्चिममा कुल धान उत्पादनमा वृद्धि भए पनि बागमती, कर्णाली र गण्डकीमा उत्पादन घटेको देखिन्छ ।

रुकुम (पश्चिम) मा धान बाली लगाइएको क्षेत्रफल गत वर्षको तुलनामा कमी रहेकाले समग्र कर्णालीको उत्पादनमा कमी आएको छ । यसैगरी नवलपरासी (पूर्व) केही भागमा वर्षे धानको बाला नलाग्ने समस्या देखा परी उत्पादनमा कमी आउँदा र लमजुङमा धान बाली लगाइएको क्षेत्रफल परिमाण परिमार्जन हुँदा कुल धान बाली भित्र्याइएको क्षेत्रफलमा कमी आई उत्पादन घटेको छ । प्रवक्ता वैद्यले असोज दोस्रो साता आएको बाढीले क्षति नभएको भए धानको उत्पादन अझै बढ्न सक्ने बताइन् । 'असोजमा बाढी पहिरोले असर नगरेको भए बागमती प्रदेश सहित अन्य प्रदेशको धान उत्पादन ऋणात्मक नहुन सक्थ्यो । तर, बाढीका कारण पहाडी खेतमा क्षति पुगेर केही उत्पादन अझै कम भयो । नत्र, धान उत्पादन अहिलेभन्दा बढ्न सक्थ्यो,' भनिन् । मन्त्रालयका सहसचिव डा. रामकृष्ण श्रेष्ठका अनुसार नेपालमा सबै उपयोगिताका लागि करिब ८० लाख टन धान आवश्यक पर्छ । जसमा मुख्य गरेर मानिसले खाने खानाका लागि ६९ लाख टन धान आवश्यक पर्छ । यस्तै मदिराजन्य प्रयोग र पशुपन्छीको दानाको ने बताए ।

**घट्दै छ क्षेत्रफल :** धान उत्पादन बढेको तथ्यांक सार्वजनिक भइरहँदा धान खेती हुने क्षेत्रफल भने घटिरहेको छ । धान उत्पादकत्व बढ्दा धान धेरै फले पनि क्षेत्रफल निरन्तर खुम्चिरहेको हो । कृषि तथा पशुपन्छी विकास मन्त्रालयकी प्रवक्ता वैधले पछिल्लो समय धान उत्पादन बढ्दा उत्साहित भए पनि धान खेती हुने क्षेत्रफल घट्दा चिन्तित हुनुपर्ने स्थिति रहेको बताइन् ।'उत्पादकत्व बढ्नु त राम्रो कुरा हो तर सहरी क्षेत्रको खेती मासिँदा, नदी कटान बढ्दा र एकीकृत खेती नहुँदा धान खेती हुने क्षेत्रफल घटिरहेको छ । यसतर्फ मन्त्रालय पनि गम्भीर छ, सरोकारवाला निकाय पनि सचेत हुनुपर्ने देखिन्छ, वैद्यले भनिन् । उनले भने जस्तै सरकारी तथ्यांकले पनि क्षेत्रफल घटेको देखिन्छ । गत आव १४ लाख ३८ हजार ९ सय ८९ हेक्टरमा कुल धान खेती हुँदा यो वर्ष १४ लाख २० हजार ६ सय ३६ हेक्टरमा मात्रै खेती भएको हो । जुन १.२८ प्रतिशतले कमी हो । कोसी प्रदेशमा बाहेक सबै प्रदेशमा धान खेती हुने क्षेत्रफल घटेको तथ्यांकले देखाएको छ ।

**कसरी लिइयो तथ्यांक ?**

कृषि मन्त्रालयले 'सेटेलाइट इमेज र रिमोट सेन्सिङ' को प्रयोगबाट नतिजा मन्त्रालयहरूबाट प्राप्त जिल्लागत धान बाली सम्बन्धी आँकडा, यस वर्षको तराईका २१ जिल्लामा लगाइएको वर्षे धान बाली क्षेत्रफल आँकडा, जल तथा मौसम विज्ञान विभागबाट प्रकाशित मनसुन अवधिमा भएको वर्षाको विवरण, वर्षे धानको रोपाइँ विवरण, रासायनिक मल उपलब्धता, रोग तथा किरा प्रकोप, असोजमा भएको बाढीबाट धान बालीमा परेको असर, उन्नत बीउ आयात विवरण, बाली कटानीबाट प्राप्त विवरणबाट नतिजाको तथ्यांक लिइएको हो । यीसँगै मन्त्रालयले २५ देखि २७ मंसिरसम्म सात प्रदेशका प्रतिनिधिको उपस्थितिमा सम्पन्न कृषि तथ्यांक प्रमाणीकरण कार्याशालाबाट प्राप्त नतिजाका अधारमा चालु आवको धान बालीको उत्पादन सम्बन्धी अनुमान तयार भएको हो ।

*-अनलाईन खबर डटकम*

# सहकारीलाई उत्पादनसँग जोडौं : सांसद राना



**पाल्पा,** पौष २०/लुम्बिनी प्रदेशका सांसद एवं पूर्व मन्त्री वीरबहादुर रानाले सहकारीलाई उत्पादन र उद्यमशिलतासँग जोड्नुपर्ने बताएका छन् । कुसुम बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड पाल्पाको तेस्रो वार्षिक साधारण सभा एंव दोस्रो अधिवेशनलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

सांसद रानाले अहिलेको आवश्यकता उत्पादन र उद्यमशीलता रहेकाले सहकारीलाई त्यसतर्फ जोड्न सहकारी अभियान्ताहरुलाई आग्रह गरे । उनले हालै जारी भएको सहकारी अध्यादेशले सहकारीमा देखिएको निरासालाई आशामा बद्ल्न कोसेढुंगा सवित हुने जिकिर समेत गरे ।

लोकतन्त्र बलियो हुन तल्लो तहका नागरिक हरेक हिसाबले सक्षम हुन आवश्यक रहेकाले त्यसको परिपुर्तिको लागि सहकारी नै प्रमुख माध्यम हुने बताए । कार्यक्रममा विशिष्ट अतिथि जिल्ला सहकारी संघ पाल्पा उपाध्यक्ष शारदा नेपाल, पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराई, पाल्पा व्यापार संघका अध्यक्ष विष्णु कार्की, नेपाल घरेलु तथा साना उद्योग महासंघ पाल्पाका अध्यक्ष कमल ढकाल, तानसेन नगरपालिका-४ कि वडा सदस्य सीता बस्नेत, यूनाईटेड मिसन अस्पतालकी कार्यकारी निर्देशक डा.रचेल कारक, बुटवल स्थित सहकारीका सहजीकरण केन्द्रका फटिक केसी लगायतले सहकारीको मर्म र सिद्धान्न अनुसार अगाडि बढे सहकारीमा कुनै समस्या नआउने बताए ।

सहकारीका अध्यक्ष केशव राज ढकालले वार्षिक प्रतिवेदन, लेखा सुपेरिवेक्षण समितिका संयोजक राम प्रसाद ढकालले आम्दानी खर्चको विवरण प्रस्तुत गरे । सहकारीले विभिन्न व्यक्तिलाई सम्मान समेत गरेको छ ।

# रिलायबलले गाउँ-गाउँ बिमा सचेतना पुर्याउँदै




**पाल्पा, पौष २०**/बिमा क्षेत्रमा छुट्टै पहिचान बनाउन सफल भएको रिलायबल लाइफ इन्स्योरेन्स पाल्पा शाखाले गाउँ- गाउँमा बिमा सचेतना पुर्याउन थालेको छ ।

पछिल्लो समय बिमाको महत्व बढ्दै गएपछि शाखाले जिल्लाका १० वटै स्थानीय तहमा अभियान स्वरुप बिमा सचेतना कार्यक्रम पुर्याउन थालेको हो । शिक्षक, कर्मचारी, स्वास्थ्यकर्मी र युवाहरुलाई बिमा क्षेत्रको महत्व र त्यसका फाइदाबारे जानकारी गराई उनीहरुमार्फत गाउँ- गाउँमा बिमा सचेतना कार्यक्रम गर्न लागिएको रिलायबल पाल्पा शाखाले जनाएको छ । कार्यक्रमको प्रमुख प्रशिक्षकको रुपमा सुशिल बस्याल 'राष्ट्रप्रेमी' रहने छन् । उनले स्थानीय समुदायमा पुगी बिमा बारे जानकारी गराउने छन् । लामो समयदेखि बिमा क्षेत्रमा आवद्ध रहेका बस्याललले बिमा के हो ? , यसको महत्व र आवश्यकताका बारेमा प्रशिक्षण दिने छन् । सो अभियानमा शाखा प्रमुख सुवास गैरे, मार्केटिङ म्यानेजर नवराज शर्मा र बिमा अभियान्ता गोपाल बस्यालले समेत बिमाका बारेमा आमागरिकलाई जानकारी गराउने छन् । जोखिम बहनका लागि बिमा महत्वपूर्ण रहेकाले आम नागरिकलाई यसको महत्व बारे जानकारी गराउन सचेतना अभियान सञ्चालन गर्न थालिएको शाखा प्रमुख गैरेले बताए । उनले भने 'यो अभियानले स्थानीय समुदायलाई बिमा क्षेत्रमा चासो र समझदारी बढाउन मद्दत गर्नेछ ।' गैरेले बिमा केवल वित्तीय सुरक्षा मात्रै नभई भविष्यमा आउने संकटका बेला सहारा पुर्याउने एक शक्तिशाली साधन भएको हो । बिमा क्षेत्रको महत्व र यसको आवश्यकतालाई बुझ्नका अभियान अत्यन्तै उपयोगी हुने मार्केटिङ म्यानेजर नवराज शर्माले विश्वास व्यक्त गरे ।

# प्रेस सेन्टर पाल्पाको अधिवेशन : अध्यक्षमा दर्नाल



**पाल्पा,** पौष २०/प्रेस सेन्टर नेपाल पाल्पा शाखाको अधिवेशन तानसेनमा भएको छ । एक भव्य समारोहकाबिच शाखाको छैठौं जिल्ला अधिवेशन भएको हो ।

अधिवेशनले कृष्ण दर्नालको नेतृत्वमा नयाँ समिति चयन गरेको छ । लामो समयदेखि पत्रकारिता पेशामा सक्रिय दर्नाललाई अधिवेशनले अध्यक्षमा निर्विरोध निर्वाचित गरेको हो । जसको उपाध्यक्षमा डोलराज विक र महिला उपाध्यक्षमा संगीता आचार्य, सचिवमा कमल अधिकारी, सह-सचिवमा सुजन भुषाल र रीतु कामु, कोषाध्यक्षमा गंगा सुयाल मगर चयन भएका छन् । त्यसैगरी सदस्यहरुमा विष्णु कोइराला, शिव पोखरेल, ऋषिराम अर्याल, भोजबहादुर चिदी, माधवराज पन्त, प्रेमा राना, सुनिता खाम्चा, रोहिन सेञ्चुरी, सुमना नेपाली र रेजिना सोमै चयन भएको सेन्टरले जनाएको छ । अधिवेशनको नेकपा माओवादी केन्द्रका जिल्ला इन्चार्ज नेत्र पाण्डेयले उद्घाटन गरेका हुन् । सभाको उद्घाटन गर्दै नेता पाण्डेयले पत्रकारहरुको हकहितमा लाग्न नेतृत्वलाई आग्रह गरेका छन् । उनले समाज रुपान्तरणका लागि पत्रकारको भूमिका महत्वपूर्ण रहेको भन्दै विकृति, विसंगतिका विरुद्ध सशक्त ढंगले कलम चलाउन सेन्टरमा आवद्ध पत्रकारहरुलाई आग्रह गरे । प्रेस सेन्टर नेपाल लुम्बिनी प्रदेशका अध्यक्ष मानसिंह विश्वकर्माले पत्रकारिताको माध्यमबाट समाज सुधार गर्दै प्रेस सेन्टर अघि बढेको बताए । उनले हालै सम्पन्न भएको पत्रकार महासंघको निर्वाचनमा दुई ठूला संगठन मिल्दा पनि सेन्टरले १६ जिल्ला, बागमती प्रदेश र केन्द्रीय पदाधिकारीमा निर्वाचित हुनुले सेन्टरको महत्व बढेको बताए । कार्यक्रममा सेन्टरका पाल्पा इन्चार्ज जीवलाल सुवेदी, अनेम संघ क्रान्तिकारीका पाल्पा अध्यक्ष रितु श्रेष्ठलगायतले निर्वाचित नयाँ कमिटीलाई जनताको पक्षमा कलम चलाउन आग्रह गरे ।

## खेलकुद समाचार

# एन्फा महिला लिगमा एपीएफको सहज जित



**काठमाडौं,** पौष २०/ विभागीय टोली नेपाल एपिएफ क्लबले एन्फा महिला राष्ट्रिय लिगको सुपर लिगमा सहज जित निकालेको छ । रश्मीकुमारी घिसिङको ह्यात्रिकमा बागमती युथ क्लबलाई शनिवार ५-१ ले पराजित गर्दै सहज जित निकालेको हो ।

सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा भएको खेलमा एपीएफका लागि रश्मीले ह्याट्रिक गर्दा गीता राना र अनिता केसीले एक-एक गोल गरे । बागमतीका लागि पुष्पाकुमारी खड्काले गोल फर्काइन् । जितपछि एपीएफले ३ अंक जोडेको छ । बागमतीको भने यो लगातार दोस्रो हार हो ।

बागमती पहिलो खेलमा अर्को विभागीय टोली त्रिभुवन आर्मी एफसीसँग २-० ले पराजित भएको थियो । खेलको छैटौं मिनेटमै रश्मीले गोल गर्दै एपीएफलाई अग्रता दिलाएकी थिइन् । १२ औं मिनेटमा रश्मीले व्यक्तिगत दोस्रो गोल गर्दै अग्रता दोब्बर पारिन् । बागमतीका पुष्पाले १७ औं मिनेटमा गोल गर्दै गोल अन्तर कम पारेकी थिइन् । तर त्यसपछि एपीएफले तीन गोल थप्यो । २७ औं मिनेटमा गीता रानाले गोल गर्दै एपीएफलाई ३-१ को अग्रता दिलाइन् । दोस्रो हाफमा एपीएफले दुई गोल थप्यो । रश्मीले ५९औं मिनेटमा गोल गर्दै ह्याट्रिक पूरा गरिन् । त्यसपछि ७०औं मिनेटमा अनिता केसीले गोल गर्दै एपीएफलाई ५-१ को सहज जित दिलाइन् ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

## अर्थ /कर्पोरेट समाचार

# एमसीसीले नेपाललाई थप पौने सात अर्ब अनुदान दिने




**पाल्पा,** पौष २०/अमेरिकी सहायता परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) ले नेपाललाई थप सहायता रकम दिने भएको छ । उसले थप ६ अर्ब ८० करोड रुपैयाँ सहायता प्रदान गर्ने भएको हो ।

अमेरिकी अनुदान र नेपाल सरकारको लागत साझेदारीमा गत २०८० भदौदेखि कार्यान्वयन भएको ९२ अर्ब रुपैयाँ बराबरको एमसीसी अन्तर्गतका आयोजनाका निम्ति थप रकम प्रदान गर्ने निर्णय भएको एमसीसी सञ्चालक समितिले जनाएको छ । 'मिलेनियम च्यालेन्ज कर्पोरेसन ( एमसीसी) सञ्चालक समितिले नेपाल कम्प्याक्टका लागि थप पाँच करोड अमेरिकी डलर स्वीकृत गरेको छ । बोर्डको यो निर्णयले रूपान्तरणकारी, उच्च गुणस्तरीय पूर्वाधार परियोजनाहरू मार्फत नेपालको विकास प्राथमिकता कार्यान्वयन गर्ने एमसीसी र नेपाल सरकारबीचको साझा प्रतिबद्धतामा जोड दिएको छ,' एमसीसीले जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ । यो अतिरिक्त सहायता रकमबाट नेपालको विद्युत् प्रसारणलाई सुदृढ गर्न, दीर्घकालीन आर्थिक वृद्धिका साथै 'कम्प्याक्ट' को सफलता सुनिश्चित गर्न योगदान पुग्ने विश्वास एमसीसी कम्प्याक्ट अपरेसनका उपाध्यक्ष क्यामरन अल्फोर्डले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

एमसीसी परियोजना अन्तर्गत चार सय केभीको डबल सर्किट तीन सय १५ किलोमिटर विद्युत् प्रसारण लाइन बन्नेछ । काठमाडौंको लप्सीफेदी र नुवाकोटको रातमाटेमा सबस्टेसन, मकवानपुर, धादिङ, तनहुँ, पाल्पा, चितवन, नवलपरासी हुँदै भारतको महेशपुरसम्म प्रसारण लाइन बनाइने छ । प्रसारण लाइन निर्माणपछि नेपाल-भारतबीच तीन हजार मेगावाट बिजुली आदानप्रदान सम्भव हुनेछ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई